मितिः २०८२।०८।१७

श्री सम्माननीय प्रधानमन्त्रीज्यू,
नेपाल सरकार ।

**विषयः बुढीगण्डकी विकास मोडलको सम्बन्धमा ज्ञापन-पत्र ।**

तीव्र आर्थिक विकास र समतामूलक समृद्धि समकालीन नेपालको प्रमुख मुद्दा हो । लामो समयदेखि अल्पविकास र परनिर्भरताको दुष्चक्रमा जकडिएको कृषि प्रधान अर्थतन्त्रलाई केही दशकभित्र विकसित औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्न हामीले राज्य सञ्चालनको छोटो कार्यकालमा विविध क्षेत्रका छानिएका ठुला पूर्वाधार आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाहरू घोषणा गरेर तिनको कार्यान्वयन अघि बढाएका थियौँ । बुढीगण्डकी बहुउद्देश्यीय आयोजना त्यस मध्येको अग्रपङ्क्तिमा रहेको एक आयोजना हो ।

काठमाडौँ, पोखरा, चितवन, बीरगञ्ज, भैरहवा जस्ता बिजुली प्रशस्त खपत हुने स्थानहरूबाट नजिक, पहुँचमार्ग पुगेको र प्रसारण लाइन छोटो र सहजताका साथ निर्माण हुने स्थानमा रहेको, प्रशस्त जलभण्डार हुनसक्ने, तल्लो तटीय क्षेत्रमा थुप्रै अन्य आयोजनाहरू निर्माण हुनसक्ने जस्ता विशेषताहरू भएकाले तत्कालीन नेपाल सरकारले बुढीगण्डकी नदीमा जलाशययुक्त जलविद्युत् आयोजना र अन्य अन्तरसम्बन्धित आयोजनाहरू विकास गर्ने निर्णय गरेको हो । मुलुकको ऊर्जा क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने मात्र नभएर पर्यटन, उद्योग, बस्ती विकास, पर्यावरण संरक्षण लगायत अन्य क्षेत्रहरूको विकासलाई समेत गतिशील बनाउन सक्ने भएकाले नेपाल सरकारले यस आयोजनालाई विशेष महत्व दिई राष्ट्रिय गौरवको आयोजनाको रूपमा विकास गर्ने लक्ष्य लिएको थियो ।

पोखराको फेवाताल भन्दा १५ गुणा ठुलो जलाशय बन्न जाने भएकोले यो ठाउँलाई एउटा पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न, नेपालको २४ जिल्ला भएर जाने पुष्पलाल मध्यपहाडी लोकमार्गले पूर्वदेखि पश्चिमसम्मका मुलुकका मुख्य-मुख्य ठाउँहरू तथा उत्तर-दक्षिण करिडोरले उत्तरमा चीन र दक्षिणमा भारतसँग यो क्षेत्रलाई जोड्ने भएकाले बुढीगण्डकी करिडोरलाई मुलुकको एक गतिशील आर्थिक केन्द्र र हरित विकासको मोडलका रूपमा विकास गर्न सकिने प्रचूर वस्तुगत सम्भावना देखेर त्यसको तयारी गर्न तत्कालीन विकास समितिलाई निर्देशन दिइएको थियो । त्यो भिजन अनुरूप बुढीगण्डकी करिडोरलाई देशको रूपान्तरणकारी आर्थिक केन्द्रका रूपमा विकास गर्न तत्कालीन संसद नरहेको प्राविधिक बाध्यतावश प्रथम चरणमा बुढीगण्डकी जलविद्युत् आयोजना विकास समितिमार्फत काम शुरु गर्ने र अनुकूल समयमा यसलाई

स्तरोन्नति गरी बुढीगण्डकी करिडोर विकास प्राधिकरण बनाउने सोच तत्कालीन सरकारको रहेको थियो । त्यसै अनुरूप कामहरू अगाडि बढिरहेका पनि थिए (हेर्नुहोस अनुसूची -१ र २) ।

तीव्र आर्थिक विकासका निम्ति इतिहासमा अरु देशहरूले अपनाएका विधिबाट पनि हामीले सिक्ने कोसिस गरेका थियौँ । मुलुकमा आर्थिक शिथिलता भएको बेलामा राज्यले केही बृहत् आयोजनाहरू निर्माण गर्नुपर्दछ भन्ने कुरा अमेरिकाको टेनेसी भ्याली विकास आयोजना एक उदाहरण हो । चीनको थ्री गर्जेज र इथोपियाको Grand Ethiopian Renaissance Dam जस्ता आयोजनाहरू राज्यको पहलमा निर्माण भएका, मुलुक भित्रै दशौं हजार नागरिकलाई रोजगारी दिने र आर्थिक-सामाजिक फड्को मार्न सहयोग पुऱ्याउने आयोजनाहरूका उदाहरणहरू हुन् (हेर्नुहोस् अनुसूची ३, ४ र ५) । यी आयोजनाहरूले ती देशहरूमा ल्याएको आर्थिक-सामाजिक रूपान्तरण, साथसाथै तिनका कमीकमजोरीहरूबाट पाठ सिकेर बुढीगण्डकी करिडोर बहुउद्देश्यीय आयोजनालाई विकास गर्ने लक्ष्य राखिएको थियो ।

यो आयोजना कुनै व्यक्तिको वा निजी कम्पनीको जस्तो वित्तीय मुनाफा आर्जन गर्नको लागि नभएर समग्र देशको अर्थतन्त्रमा गुणात्मक फड्को मार्न योगदान गर्ने बहुआयमिक आयोजनाको रूपमा सुरु गरिएको थियो । नेपालले आफ्नै साधनस्रोत र प्राविधिक जनशक्तिको बलमा (न्यूनतम बाह्य सहयोगमा) यो आयोजना निर्माण गरेर राष्ट्रिय क्षमता र आत्मविश्वास अभिवृद्धि गर्ने दूरगामी सपना बुनेको थियो । ठूला विकास आयोजना निर्माण गर्दा स्थानीय जनता र संस्कृतिलाई विस्थापन गर्ने गलत परम्परालाई तोड्दै, आयोजनास्थल वरिपरि नै व्यवस्थित पुनर्स्थापना र पुनर्निर्माण गर्ने योजना बनाइएको थियो ।

यो परियोजना शुरूवातपछिका सरकारहरूले यो मर्मलाई बुझ्ने कोसिस त गरेनन् नै, बरू गिजोल्ने काम मात्र भयो । आम नेपालीलाई यो आयोजना घर न घाटको संघारमा उभिरहेको महसुस भइरहेको अवस्थामा वर्तमान सरकारले यसलाई अगाडि बढाउने निर्णय गरेबाट अब यो आयोजना बन्छ भन्ने सरोकारवाला हामी सबैमा झिनो आशा पलाएको पाइन्छ । यो आयोजना नेपाली पुँजीबाटै बनाउनु पर्दछ भन्ने कुरा हामीले सुरुदेखि नै भन्दै आएका थियौँ, सोही अनुरूप नै अगाडि बढाउन लागिएकोमा खुशी पनि लागेको छ । परन्तु, बहुउद्देश्यीय आयोजनाको रूपमा विकास गर्न सकिने सम्भावना बोकेको आयोजनालाई केवल विद्युत् उत्पादनको आयोजनामा मात्र सीमित गर्दा नेपालको लागि समग्र आर्थिक विकासको आयोजना, एक अर्को महङ्गो वित्तीय आयोजनामा खुम्चिन पुग्ने देखिन्छ ।

यसर्थ, हाललाई बुढीगण्डकी जलविद्युत् उत्पादन कम्पनीमार्फत यसका कामकारबाहीहरूलाई अगाडि बढाए तापनि भविष्यमा बुढीगण्डकी करिडोर विकास प्राधिकरणको (Authority for

Budhigandaki Corridor Development : ABCD Model) रूपमा विकास गर्ने प्रावधान रहने व्यवस्था हुनुपर्दछ, यो नै उपयुक्त तरिका हुन्छ भन्ने हामी सरोकारवाला सबैको ठम्याइ रहेको छ (प्रस्तावित ABCD Model को स्वरूप अनुसूची -१ मा दिइएको छ) । यो आयोजनाबाट प्राभावित नागरिकहरूले आफूहरू अन्यायमा परेको महसुस गरिरहेका छन् । यसलाई पनि साथसाथै सम्बोधन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको जानकारी पनि गराउन चाहन्छौँ । यस सन्दर्भमा हाम्रा केही सुझावहरू देहाय बमोजिम रहेका छन् ।

**सुझावहरू**

१. अहिले बुढीगण्डकी जलविद्युत् विकास कम्पनीमार्फत आयोजना विकासको टेण्डर निकाल्न लाग्ने ।

२. अहिलेको बुढीगण्डकी जलविद्युत् विकास कम्पनीलाई भविष्यमा अनुसूची १ मा दिइए अनुरूपका संरचनाहरू रहने गरी अधिकार र साधनस्रोत सम्पन्न बुढीगण्डकी कोरिडोर विकास प्राधिकरण (Authority for Budhigandaki Corridor Development-ABCD) मा रूपान्तरण गर्न सकिने गरी अगाडि बढाउने । अधिकारसम्पन्न प्राधिकरणमार्फत भविष्यमा समग्र बुढीगण्डकी करिडोरमा विकासका कामहरू तीव्रताका साथ अगाडि बढाउन यसले सहजता प्रदान गर्नेछ ।

३. बुढीगण्डकी आयोजनाको प्रस्तावित जलाशय बाहिर चक्रपथ र व्यवस्थित शहर निर्माण गरी डुबान क्षेत्रका बासिन्दालाई त्यहीँ पुनर्बासको व्यवस्था गर्ने ।

४. बुढीगण्डकी आयोजना पूरा नहुञ्जेल डुबान क्षेत्रका सडक लगायतका पूर्वाधारहरूको मर्मतसम्भार गर्ने ।

५. आयोजना प्रभावित नागरिकहरूसँग सम्बन्धित जायज मागहरूलाई सम्बोधन गर्दै अगाडि बढ्ने ।

**आयोजना प्रभावित जनताका मागहरू**

१. बुढीगण्डकी आयोजनामा स्थानीय बासिन्दाको सेयर स्वामित्व रहने गरी नेपाली लगानीमा निर्माण तत्काल शुरु गर्नुपर्छ ।

२. बुढीगण्डकी आयोजना पूरा नहुञ्जेल डुवान क्षेत्रका सडक लगायतका पूर्वाधारहरूको मर्मतसंभार गरिनुपर्दछ ।

३. बुढीगण्डकी डुवान क्षेत्रका जग्गाको मुआब्जा निर्धारण गर्दा गोरखा र धादिङको मुआब्जा निर्धारण समितिले ५ रोपनी भन्दा कम जग्गा हुनेलाई १५ प्रतिशत र १० रोपनी भन्दा कम हुनेलाई १० प्रतिशत मुआब्जा थप गर्ने लगायतका विभिन्न बुँदामा निर्णय गर्नलाई मन्त्रिपरिषदलाई सिफारिस गरेको थियो । ती बुँदाहरू मन्त्रिपरिषदबाट तत्काल निर्णय गरिनुपर्छ ।

४. ऐलानी जग्गामा बसोबास गरेका र सुकुम्बासीलाई भोगचलन गरिरहेको जग्गाको मुआब्जा निश्चित मापदण्ड बनाएर दिनुपर्छ ।
५. भोगचलनका क्रममा किसिम परिवर्तन भएका जग्गाको हाल कायम रहेको किसिम अनुसार नै मुआब्जा पाउने व्यवस्था गर्नुपर्छ ।
६. दर्ता छुट भएका जग्गाको मुआब्जा हाल भोगचलन गरिरहेका जग्गाधनीलाई दिइनुपर्छ ।
७. मुआब्जा वितरण गर्दा जग्गाधनीसँग लिएको पुँजीगत लाभकर फिर्ता गर्नुपर्छ ।
८. मुआब्जा लिइसकेका केही पूर्व जग्गा धनीहरूले अहिले पनि उनीहरूको पहिलेको जग्गामा खेतीपाती गर्ने गरीव किसानहरूबाट नगद जिन्सी असुली गरिरहेको पाइएकोले त्यो रोकिनु पर्दछ ।
९. पुनर्बासको लागि छुट्याइको जग्गा यथावत कायम राखिनु पर्दछ ।

यो आयोजना नेपालको आर्थिक विकासको मोडेलको आयोजनाको रूपमा विकसित भएर अगाडि बढोस् भन्ने हामी सबैको चाहना भएकाले यस आयोजना सम्बन्धित कार्यमा सरकारलाई हाम्रो तर्फबाट जुनसुकै विषयमा पनि सहयोग गर्न हामी तयार छौँ भन्ने प्रतिबद्धता समेत यसै ज्ञापन पत्रमार्फत व्यक्त गर्दछौँ ।

**पूर्व प्रतिनिधिसभा सदस्यहरू**

१. डा. बाबुराम भट्टराई, गोरखा

२. चीनकाजी श्रेष्ठ, गोरखा

३. राजेन्द्र बजगाईं, गोरखा

४. राजेन्द्र प्रसाद पाण्डे, धादिंग

५. गुरूप्रसाद बुर्लाकोटी, धादिंग

६. रामनाथ अधिकारी, धादिंग

७. खेम लोहनी, धादिंग

**बुढीगण्डकी जलविद्युत आयोजनाा राष्ट्रिय सरोकार समिति**

१. हरेराम ढकाल, भीमसेन गापा-८, गोरखा

२. कृष्णबहादुर माझी, ज्वालामुखी गापा-१, धादिंग